कृषि तथा वन विज्ञान विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

प.नि.का.च.नं........................२०७८/०७९

मिति: २०७८।०४।०८

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र **२०७३।०७४** र **शैक्षिक सत्र २०७५।०७६** मा संचालित **B.V.Sc.&A.H.** र **B.Sc. Fisheries** मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले क्रमश: **सातौं र तेस्रो** सेमेष्टरहरु र शैक्षिक सत्र २०७४।०७५ मा संचालित **B.V.Sc.&A.H.** मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले **पाचौं सेमेष्टरको नियमित परीक्षा** र विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत रही उक्त सेमेष्टरहरुका मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरहरुका **आंशिक परीक्षामा** सम्मिलित हुन **मिति २०७८।०४।११** देखि **मिति २०७८।०४।२४** सम्म नियमित शुल्क र मिति २०७८।०४।२५ देखि मिति २०७८।०४।२७ सम्म बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्वन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकायबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षा र आंशिक परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्म बमोजिम बिलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७८ साल श्रावण २५ गते | रु.३००।- |
| २०७८ साल श्रावण २६ गते | रु.५००।- |
| २०७८ साल श्रावण २७ गते | रु.११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा सम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website** **www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.........................................

प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक
परीक्षा नियन्त्रक